FIFA WORLD CUP RUSSIA 2018




# स्वीडेन २४ वर्षपछि क्वार्टरफाइनलमा

मस्को, (एजेन्सी)

इमिल फोर्सबर्गको दोस्रो हाफमा भएको एक मात्र गोलको सहयोगमा स्वीडेन जारी विश्वकपको क्वार्टरफाइनलमा पुगेको छ ।

मंगलबार सेन्ट पिटर्सबर्गमा भएको नकआउट चरणको खेलमा स्वीडेनले स्वीट्जरल्यान्डलाई १-० गोलअन्तरले हराएको हो । पहिलो हाफ निरस बनेको खेलको ६६औं मिनेटमा फोर्सबर्गले गोल गरेका हुन् । यो गोल नै निर्णायक बनेपछि स्वीडेनलाई अन्तिम आठमा पुग्न पर्याप्त भयो ।

स्वीडेन २४ वर्षपछि विश्वकपको क्वाटरफाइनलमा पुगेको छ । यसअघि सन् १९९४ मा अमेरिकामा भएको विश्वकपमा स्वीडेन अन्तिम आठसम्म पुगेको थियो । यस पटक टोलीले विश्वकपमा छनोट हुन चार पटकको विश्वकप विजेता इटालीलाई युरोपियन छनोटअन्तर्गत प्ले अफ खेलमा हराएको थियो ।

उता हारले स्वीट्जरल्यान्डका लागि अन्तिम १६ बाटै विदा हुनुपर्‍यो । अन्तिम मिनेटमा टोलीले एक खेलाडी पनि गुमाएको थियो । स्वीस टोलीको डि बक्समा बल लगिरहेका मार्टिन अल्सनलाई माइकल लान्गले धकेलेपछि उनले रातो कार्ड बेहोरेका हुन् । त र पे नाल्टीको सम्भावना भने भारले अस्विकार गरिदिएको थियो ।

- स्वीट्जरल्यान्डले विश्वकपको नकआउट खेल जितेको छैन ।
- स्वीट्जरल्यान्डले १९५४ विश्वकपमा नकआउट चरणमा गोल गरे यता अहिलेसम्म नकआउट खेलमा गोल गर्न सकेको छैन ।
- स्वीडेनले १९५४ विश्वकपपछि लगातार दुई खेल जितेको छ ।
- स्वीट्जरल्यान्डको यो अघिल्ला चार विश्वकपमा १५ खेलमा चौथो हार थियो।
- फोर्सबर्गले विश्वकपमा पहिलो पटक गोल गरेको ।



# नेयमारको व्यवहारले निराश



साओ पाओलो, (एजेन्सी)

नेयमारले ब्राजिललाई खुशी गरेका छन्। तर उनले पुरै संसारलाई निराश गरे। ब्राजिलको अखबार ग्लोबोको हेडलाइनमा यही लेखिएको छ। यो ती खेलाडी बारेमा लेखेको हो कि एकै खेलमा उत्कृष्ट फुटबलको प्रतिभा र बेकारको अभिनयको नमुना पेश गर्छन्।

जारी विश्वकपमा अर्जेन्टिनाका लियोनेल मेसी र पोर्चुगलका क्रिस्टियानो रोनाल्डोपछि नेयमार मात्रै सुपरस्टार खेलाडी बचेका छन्। उनी संसारकै सबैभन्दा महँगो फुटबलर समेत हुन्। सोमबार नकआउट चरणको खेलमा मेक्सिको विरुद्ध नेयमार लयमा देखियो। २-० को जितमा उनले एक गोल गरे र अर्को गोलका लागि एसिस्ट गरे। तर मैदानमा गोल गर्ने बाहेक दोस्रो कारणले पनि उनी सँधै चर्चामा रहने गर्छन्।

जब उनलाई विपक्षी खेलाडीले ट्याकल गर्छन् तब उनले चोट यति ठूलो भन्ने भ्रममा पार्दै नाटक गर्छन्। जुन खुट्टै भाँचेको जस्तै गर्छन्। यसैले उनीमाथि ठूलो आलोचना हुन्छ। मेक्सिकोविरुद्धको खेलमा पनि यस्तै भयो। खेल समाप्त हुन २० मिनेट बाँकी रहेको थियो। नेयमारको कारण खेल केहीबेर रोक्नु पनि पर्‍यो। मेक्सिकोका खेलाडी मिगुअल लायुनको खुट्टा नेयमारको खुट्टामा लाग्यो। नेयमार चिच्याउन थाले शायद उनलाई असहनीय पीडा भइरहे जस्तै।

उनको यस्तो व्यवहारले ब्राजिली टिम, मेक्सिकोका खेलाडी, रेफ्री, चौथो अफिसियल सबै त्यहाँ आइपुगे। चर्काचर्की हुने पनि खतरा भएको थियो। ब्राजिलका मेनेजर टीटेले लायुन नेयमारमाथि चढेको थियो। मैले आफैं स्क्रीनमा हेरेको थिएँ।

फेरि नेयमारले बताए- 'हेर्नुस् मलाई यस्तो लागेको छ कि यो सबै मलाई कम गरेर देखाउनका लागि भएको हो। म आलोचना वा तारिफमा धेरै ध्यान दिन्न किनभने यसले व्यक्तित्वमा असर पर्छ। पछिल्ला दुई खेलमा मैले प्रेससँग कुराकानी गरेको छैन किनभने म यो चाहन्न। मलाई केवल खेल्नु छ र आफ्नो टिमलाई मद्दत गर्नुछ।

सकारात्मक वा नकारात्मक नेयमारका लागि प्रतिक्रिया धेरै नै आउने गर्छन्। उनको इन्स्टाग्राममा करिब १० करोड फ्लोअर्स छन्। र उनको पोस्ट गरेको १५ मिनेटको भित्रमा १० लाख लाइक आइसकेको छ।





# रुसमा चुम्बन गर्ने बढे

मस्को, (एजेन्सी)

रुसमा जारी विश्वकपमा महिला रिपोर्टरहरूलाई चुम्बन गर्ने घटना बढिरहेको छ। ताजा घटनाअनुसार स्पेनकी एक रिपोर्टरलाई दर्शकले चुम्बन गरेका छन्। मारिया गोमेज नामको उक्त महिला रिपोर्टरले खेल हुन अगाडि प्रत्यक्ष प्रसारण गरिरहेकी थिइन्। उनले ट्वीटरमा भिडियो राखेकी छिन्। जसमा एक दर्शक छिटो आउँछन् र उनको गालामा चुम्बन गरेर भागेका थिए। यो घटना हुँदा मारियालाई सम्हाल्ने मौका नै पाइएन।

मारियाले भिडियो ट्वीटरमा राखेर यसलाई लाजमर्दो बताएकी छिन्। उनले लेखेकी छिन्-यो घटनाले महिलालाई सामान्य रहन दिने छैन।

मारियाको साथ भएको घटनामा धेरैले तीखो प्रतिक्रिया दिएका छन्। जसमध्ये एकले लेख कि विश्वकपमा महिला रिपोर्टरहरूका साथ यस्तो व्यवहार निन्दनीय छ। एउटा नयाँ शैलीको ट्रेन्ड



शुरू भएको छ जसको जमेर विरोध गर्नुपर्ने भएको छ। यसअघि कोलम्बिया र ब्राजिलका महिला रिपोर्टरलाई पनि यसरी नै चुम्बन गरिएको थियो।


स्वीडेनका फ्यानहरू

## टि-ट्-स वि-ट्-स

### अण्डा फ्याँक्नेलाई कारबाही नगर्ने

सोल, (एजेन्सी)

कोरिया फुटबल संघ (केएफए) ले विश्वकप सकाएर घर फर्केको कोरियाली टोलीमाथि अण्डा फ्याँक्ने समर्थकविरुद्ध कुनै कारबाही नगर्ने जनाएको छ। कोरियाली टोली सोमबार सोलमा इन्चोन विमानस्थलमा फोटोका लागि पोज दिन लाग्दा केही समर्थकले अण्डा फ्याँकेका थिए। दक्षिण कोरियाले पहिलो दुई खेल हारेर अन्तिम खेलमा जर्मनीलाई २-० ले हराएको थियो।

योनहाप समाचारले जनाएअनुसार केएफएले विमानस्थलका प्रहरीलाई कुनै कारबाही नगर्न भनेको छ। इन्चोन विमानस्थलका प्रहरी अधिकारीले भने- 'हामी पहिला केएफएको आशय बुझ्छौं। यदि उनीहरू चाहेमा हामीले आक्रमक समर्थकलाई सजाय दिनेछौं। अण्डा फ्याँकिरहँदा कोही खेलाडीलाई लागेको थिएन।'

यसअघि चार वर्षअगाडि पनि कोरियाली टोलीमाथि ट्फी फ्याँकिएको थियो। दक्षिण कोरियामा यस्तो प्रहार गर्नु भनेको अपमान सम्झन्छन्।

